बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित
मिट माउण्ट

मासुका पारखीहरूले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए ।

खुल्ने समय
बिहान ७ बजेदेखी बेलुका ७ बजेसम्म

सम्पर्क तथा बिक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ,
अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

गर्मी मौसममा,
- झाडापखाला, वान्ता, आउँ, जण्डिस, टाईफाइडजस्ता रोगको जोखिम बढी हुन्छ ।
- लामखुट्टे, झिंगा, भुसुना आदिबाट रोग सर्न सक्दछ ।

त्यसैले, व्यक्तिगत सरसफाई र जनस्वास्थ्यका मापदण्ड पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष–१४ ।। अङ्क : ०९१ ॥ २०७९ वैशाख २० गते मंगलबार (3rd May 2022 Tuesday)  **Pratidin** National Daily  dN्o–?÷%÷–

# श्रमिक दिवसमा प्रभातफेरि




***भद्रपुर (प्रस) ।*** १३३ औं अन्तरष्ट्रिय श्रमिक दिवसको अवसर पारेर श्रम तथा रोजगार कार्यालय भद्रपुरले प्रभातफेरि सम्पन्न गरेको छ ।

कार्यालयका प्रमुख दुर्गाप्रसाद आचार्यको नेतृत्वमा निस्किएको प्रभातफेरिले चेतना मुलक प्लेकार्डसहित चौक बजार परिक्रमा गरेको थियो । मर्यादित श्रम सुरक्षित रोजगार विकास र समृद्धिको आधार नारासहित कार्यक्रम रहेको जानकारी दिँदै प्रमुखले यो महिनाको अन्तिम साताभरि श्रम चेतनामुलक कार्यक्रम जारी रहने बताए । उनका अनुसार श्रम र रोजगार नै विकास र समृद्धिको आधार भएकोले श्रमिक सुरक्षा अनिवार्य आवश्यक रहेको छ ।

# एमालेका उम्मेद्वारलाई जनताले राखे समस्या



***मेचिनगर (प्रस) ।*** आसन्न बैशाख ३० गतेको स्थानीय तहको चुनावमा एक्लै मैदानमा उत्रेको नेकपा एमाले मेचीनगरका उम्मेद्वारलाई जनताले समस्यै समस्या राखेका छन् ।

चुनाव आउन ११ दिन मात्र बाँकी रहँदा आफ्नो पक्षमा मत माग्न मतदाताको घर, बजार, पसल र बगानसम्म पुगेका एमालेका उम्मेदवारहरुलाई जनताले समस्यै समस्या पोखेका हुन् ।

प्रतिकुल मौसमको पनि कुनै पर्वाह नगरी जनताको समस्या सुन्न र आफ्नो पाँच बर्षे प्रतिबद्धता बुझाउन एमाले मेचीनगरका उम्मेद्वारको टोली जनताको घरघरमा पुगिरहेका छन् ।

एमालेबाट
मेयर पदका उम्मेद्वार गोपालचन्द्र बुढाथोकी, उपमेयर पदकी उम्मेद्वार मीना पोखरेल उप्रेतीलगायतको टोली अहिले मेचीनगरको पन्ध्र वटै वडामा तालिका बनाएर चुनावी प्रसारप्रचार अभियानमा होमिएको छ ।

मेचीनगर १४, १५ र १० नम्बर वडामा घरदैलो कार्यक्रम सम्पन्न गरिसकेको एमालेले सोमबार वडा नम्बर १३ मा आफ्नो अभियान समापन गरेको छ ।

उम्मेद्वारहरुले मेचीनगर-१३ स्थित उत्तर गंगा, पुरानो आइतबारे, सुकुम्बासी टोल, बालुबारी, सिग्देल चोक, विरान चोक र चारआली चोकमा आएर घरदैलो कार्यक्रम समापन गरिएको थियो ।

उम्मेद्वारहरु बाङ्गे पुल निवासी स्वर्गीय पविमाया विश्वकर्माको घरमा नै पुगेर समवेदनापत्र प्रदान गरेको थियो ।

एमालेको घरदैलो कार्यकममा मेयरका उम्मेद्वार बुढाथोकी, उपमेयरकी उम्मेद्वार उप्रेती, मेचीनगर १३ का वडाध्यक्ष उम्मेद्वार कृष्णराज सिग्देल, वडा सदस्यहरू रविन्द्र न्यौपाने, ऋषिराज राजवंशी, तुलसा काफ्ले बराल र रिता परियार रहेका छन् ।

घरदैलो कार्यकममा जनताले मेयरका उम्मेद्वार बुढाथोकी, उपमेयरकी उम्मेद्वार उप्रेती, वडाध्यक्षका उम्मेद्वार सिग्देल, एमालेका केन्द्रीय सल्लाहकार सदस्य विष्णु प्रसाई, वडा कमिटी अध्यक्ष भोजराज पराजुलीलगायतलाई हात्ती, सर्पदंश उपचार केन्द्र, विद्यालयको जग्गाको विवाद, सुकुमबासीलगायतका समस्याका बारेमा अवगत गराएका थिए । उम्मेद्वारहरुले सो विषयहरुको समाधान गर्ने प्रतिबद्वता व्यक्त गरेका थिए ।

घरदैलो अभियानको सहजकर्ताको रुपमा पर्शुराम राजबंशी र सञ्चालन प्रचारप्रसार समितिका सचिव बद्री भट्टराईले गरेका थिए ।

# मन र मत बदलौं –मिश्र




***बिर्तामोड (प्रस) ।*** विवेकशील साझा पार्टीका केन्द्रीय अध्यक्ष रविन्द्र मिश्रले अब नेपाली जनताले मन र मत बदल्ने बेला आएको बताएका छन् ।

विवेकशील साझा पार्टीको बिर्तामोडमा आयोजित घरदैलो कार्यक्रममा सहभागी हुँदै केन्द्रीय अध्यक्ष मिश्रले मन र मत बदल्न सकेमात्र देशमा परिवर्तन ल्याउन सकिने धारणा राखे । पुरानो दलहरुले करिव ४० वर्षसम्म शासन गरेपनि परिवर्तनको अनुभूति दिन नसकेको उनको ठम्याई छ ।'पुराना राजनीतिक दलहरुले ४० वर्षसम्म शासन गर्दा देश र देशवासीलाई कस्तो बनाए त ? 'उनले प्रश्न गर्दै भने,' हामीलाई विजयी गराउनुहोस् अबको २० वर्षपछि कस्तो हुनुपर्छ हामी प्रमाणित गरेर देखाइदिन्छौं । ' उनले परिवर्तनका लागि आफ्नो विवेकशील साझा पार्टीको तराजु चिन्हमा अमूल्य मतदान गरिदिनुहुन अनुरोध गरे । बिर्ताबजारको दुर्गा मन्दिरअगाडि आयोजित कोणसभालाई पार्टीका केन्द्रीय सदस्य प्रकाश अर्याल ,बिर्तामोड नगरपालिकामा उपमेयरकी उम्मेदवार निशा सोनी कर्णलगायतले संबोधन गरेका थिए । सैनिकमोडदेखि र्‍याली शुरु गरी बिर्ताबजारको दुर्गा मन्दिरमा कोणसभा आयोजना गरिएको थियो ।

# भ्रष्टाचारमुक्त समृद्ध बिर्तामोड बनाउने उद्घोष



***बिर्तामोड (प्रस) ।*** नेपाली कांग्रेस र माओवादी केन्द्र गठबन्धनका उम्मेदवारहरुले बिर्तामोडलाई भ्रष्टाचारमुक्त नगर बनाउने उद्घोष गरेका छन् । गठबन्धन दलले सोमबार बिर्तामोड-४ को अन्नपूर्ण चोकमा आयोजना गरेको कोणसभामा बोल्दै उम्मेदवारहरुले बिर्तामोडलाई भ्रष्टाचारमुक्त समृद्ध पालिका बनाउने उद्घोष गरेका हुन् ।चुनावी घरदैलो कार्यक्रमअन्तर्गत गठबन्धनको तर्फबाट नगर प्रमुख पदका उम्मेदवार भोजराज सिटौलाले गठबन्धन दलको स्थानीय सरकार बनेमा बिर्तामोड नगरलाई भ्रष्टाचारमुक्त बनाउने प्रतिबद्धता जनाएका हुन् । उनले सरकारले नगर प्रमुखलाई उपलब्ध गराउने गाडी जनताको सेवाका लागि एम्बुलेन्समा परिणत गर्ने र आफू मोटरसाइकल नै प्रयोग गर्ने बताए । गाडी चढ्नै पर्ने भए आफै खरिद गर्ने उनले बताए । राज्यले उपलब्ध गराउने रकमको आधा हिस्सा विपन्न वर्गका बालबालिकाको पठनपाठनमा खर्च गर्ने सिटौलाले घोषणा गरे । विलासी जीवन बिताउन र कमाउनका लागि राजनीति नगरेको भन्दै सिटौलाले विशुद्ध जनताको सेवा गर्न अनवरत राजनीतिमा होमिएको बताए ।

खेलक्षेत्रको विकासका लागि पाँच बर्षे कार्यकालमा डोमालाल राजवंशी रंगशालालाई व्यवस्थित बनाइछाड्ने सिटौलाले प्रतिबद्धता जनाए । आफ्नो कार्यकालमा राष्ट्रिय स्तरको खेल आयोजना गर्ने पनि बताए । बिर्तामोड-३ का निवर्तमान वडाध्यक्षसमेत रहेका सिटौलाले राजनीतिमा इमान्दारिता आवश्यक रहेको बताउँदै गठबन्धन वर्तमान समयको माग रहेको धारणा राखे । उनले गठबन्धनका नेताहरुलाई बिनासंकोच भोट गरी जिताउन सम्पूर्ण मतदातालाई आग्रह गरे ।कोणसभालाई सम्बोधन गर्दै उपप्रमुख पदका उम्मेदवार चन्द्रप्रसाद (सिपी) कडरियाले बिर्तामोडलाई प्रविधिमैत्री नगरको रुपमा स्थापित गरिने बताए । हरेक क्षेत्रलाई प्रविधिसँग जोडेर सेवाग्राहीको समय र पैसाको बचत गरिने उनले प्रतिबद्धता जनाए । आफू जनप्रतिनिधि नभएपनि नगरको विकासका लागि एक दशकदेखि लागिरहेको बताउँदै जनप्रतिनिधि बनाएर थप जिम्मेवारी प्रदान गर्न मतदातालाई आग्रह गरे ।

कार्यक्रममा बिर्तामोड-४ का निवर्तमान वडाध्यक्षसमेत रहेका वडाध्यक्ष पदका उम्मेदवार कुलप्रसाद संग्रौला, महिला सदस्य पदका उम्मेदवार सरिता मगर, दलित महिला सदस्य पदका उम्मेदवार आशा परियार, वडा सदस्य पदका उम्मेदवारहरु गोपीकृष्ण अधिकारी र राजु राजवंशी (सन्तोष), नेकपा माओवादी केन्द्र झापाका सहइन्चार्ज ज्योतिसिंह दर्लामी, बिर्तामोड गठबन्धन चुनाव प्रचारप्रसार समिति संयोजक लक्ष्मी आचार्यलगायत कार्यकर्ताहरुको उत्साहजनक उपस्थिति रहेको थियो ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम

यही मिति २०७८ फागुन ५ गतेदेखि बिर्तामोड नगरपालिका क्षेत्रभित्र सञ्चालन भइरहेको गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रममा खटी आउनु हुने कर्मचारीहरूलाई तपाईंहरूको घर-आँगनमा आएको समयमा सत्यतथ्य विवरण प्रदान गरी सहयोग गरिदिनुहुन नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्ताबजार, झापा

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

सुशासन, समृद्धि र समाजवादको आधार
पालिका-पालिकामा एमालेको सरकार

'समृद्ध नेपाल सुखी नेपाली'को राष्ट्रिय आकांक्षालाई पूरा गर्न यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा **सूर्य चिह्न**मा मतदान गरी नेकपा एमालेका उम्मेदवारहरूलाई अत्यधिक बहुमतले विजयी गराऔं ।



आठ सूर्य सात छाप : नेकपा एमाले जिन्दावाद
नेकपा एमालेको आह्वान, समृद्ध नेपालका लागि सूर्यमा मतदान
नेकपा एमाले झापा

नेपाल कम्यूनिष्ट पार्टी (एमाले)
बिर्तामोड-३
स्थानीय तह निर्वाचन २०७९




क.पवित्रा महतारा प्रसाई
मेयर पदको उम्मेद्वार



क.नगेन्द्र प्र. संग्रौला
उप-मेयर पदको उम्मेद्वार



क.धनसरी राजवंशी
(खुल्ला महिला पदको उम्मेद्वार)



क.मदन बुढाथोकी
वडाध्यक्ष पदको उम्मेद्वार



क.लक्ष्मी रोक्का सार्की
(दलित महिला पदको उम्मेद्वार)



क.भागीमान लिम्बु
(सदस्य पदका उम्मेद्वार)



क.हरि प्र. बाँस्कोटा
(सदस्य पदका उम्मेद्वार)

आठ सुर्य सात छाप
नेकपा एमाले
जिन्दावाद !
सुर्य चिन्हमा मतदान गरी अत्याधीक मतले विजय गराऔं।

## स्थानीय...

पहुँच पुऱ्याउनका लागि पालिकामा भएको १५ शैयाको अस्पताललाई स्तरोन्नति गरी सुरक्षित प्रसुति गृहसहितको ५० शैयाको बनाईने छ । अस्पतालमा निःशुल्क बिरामी भर्ना तथा इमरजेन्सी सेवा उपलब्ध गराईने छ । स्वास्थ्य चौकीको स्तरोन्नति गरिने छ । सबै वडाहरुमा रहेका स्वास्थ्य केन्द्रको भवन घेराबारा गरी एक वर्ष भित्रमा स्वास्थ्य केन्द्रहरुको स्तरोन्नति गरिनेछ । सबै स्वास्थ्य केन्द्रमा आधारभूत प्रयोगशाला तथा पर्याप्त जनशक्ति, औजार, उपकरण तथा औषधीको व्यवस्थापन गर्न आवश्यक बजेट निरन्तर तर्जुमा गरिनेछ ।

-आयुर्वेद तथा होमियो स्वास्थ्य उपचार सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ । योग अभ्यास, मनोचिकित्सा साधना केन्द्र तथा ज्येष्ठ नागरिक चौतारी एक वर्ष भित्रमा थप निर्माण गरी निरन्तर संचालन गरिने छ ।

-आम नागरिकलाई स्वास्थ्य वीमामा जोडिने छ । गम्भीर प्रकृतिका रोग लागेका नागरिकका लागि १ लाख रुपैंया उपचार खर्च दिइने छ ।

-दीर्घरोगीका लागि सरकारले उपलब्ध गराउने निःशुल्क औषधी वितरण कार्यलाई सहज र सरल बनाईने छ ।

-गरिब तथा विपन्न परिवारको निःशुल्क स्वास्थ्य वीमा गरिने छ ।

-सर्पले टोकेर अकालमा नागरिकको मृत्यु नहोस भन्ने उद्धेश्यका साथ हल्दिबारीमा सर्पदंश उपचार केन्द्र स्थापना गरिनेछ ।

-हरेक नागरिकको वार्षिक रुपमा र ज्येष्ठ नागरिकको ६/६ महिनामा अनिवार्य स्वास्थ्य परिक्षणको व्यवस्था मिलाईने छ ।

**पर्यटनः**

-पर्यटकीय स्थल भेलागुढी जाने सडक कालोपत्रे गरिने छ ।

-भेलागुडी क्षेत्रमा संघीय सरकार, प्रदेश सरकार र स्थानीयतहको संयुक्त लगानीमा ब्युटिफिकेसन गरी थप आकर्षक बनाइने छ ।

-भेलागुडी सिमसार क्षेत्रलाई थप प्रवर्द्धन र विकास गर्दै आन्तरिक तथा बाह्य पर्यटकको आवागमन बढाउँदै पर्यटन पर्यावरणको क्षेत्रमा नविनतम योजना सहित काम गरिने छ ।

-भेलागुडी जंगलको संरक्षणका लागि घेराबारा गरिने छ ।

-जैविक विविधताले भरिपूर्ण जलथलको चारकोसे झाडी संरक्षण तथा प्रबर्धनका लागि वन उपभोक्ता समितिहरुको सहकार्यमा आवश्यक भौतिक पूर्वाधार तथा अन्य विकास निर्माणका योजना अन्तर्गत झापारोड दक्षिण अवादी र जंगलको बीचमा रहेको बाटो कालोपत्रे गरी देउनिया भुतेनी रिडरोडको निर्माण गरिने छ ।

-ओमकारेश्वर, सन्तानेश्वर, राम जानकी सिंहवाहिनी, धनुषपोखरी, बाहुनढाके लगायतका सांस्कृतिक पर्यटकीय क्षेत्रहरुको समुचित विकास गरिने छ ।

-हल्दिबारीको मुक्तिघाट, २ को देउनिया घाट, ३ को तल्लो देउनीया घाटमा दाहसंस्कारका लागि विद्युतीय शवदाह गृह निर्माण गरिने छ । हल्दिबारी १ मा रहेको किराँतहरुको समाधीस्थल, कपुरथान, ५ मा रहेको समाधीस्थलमा सोलार बत्तीको व्यवस्था गरिने छ । ती स्थानमा १००० जना क्षमताको मलामी विश्राम घर निर्माण गरिने छ ।

-साकेला, पाथीभरा, दुधकन्या र हरियाली सिमसार क्षेत्रको विकासका लागि गुरुयोजना बनाएर पर्यटन विकासमा जोड दिइने ।

-पर्यटन पर्यावरणको विकास, पर्यटकको आकर्षण र व्यवसायिक मौरी पालनका लागि जंगलको खाली भागमा पुष्प बाटीका निर्माण गरिने छ ।

-लोपोन्मुख वन्यजन्तुहरुको आहार, वासस्थान अनुकूल बनाउनका लागि विषय विज्ञहरुको परामर्शमा योजना अघि बढाइने छ ।

**सामाजिक सुरक्षा तथा सांस्कृतिक विकासः**

-पालिकामा एउटा शव वाहन र वारुण यन्त्र (दमकल) व्यवस्था गरिनेछ ।

-ज्येष्ठ नागरिकलाई घरघरमा वृद्ध भत्ता उपलब्ध गराइने छ ।

-ज्येष्ठ नागरिकहरुका लागि निःशुल्क वाइफाई, टेलिभिजन , शुद्ध पिउने पानी सहितको ज्येष्ठ नागरिक चौतारी निर्माण गरिने छ ।

-एकल पुरुषहरुलाई मासिक १००० रुपैयाँका दरले भत्ता उपलब्ध गराइने छ र सो भत्ताको रकमलाई समयानुकूल परिमार्जन गरि लगिनेछ ।

-सकुम्वासी समस्या समाधान गरी भूमिहिन र अव्यवस्थित बसोबासीहरुलाई लालपुर्जा वितरण गरिने छ ।

-सम्पूर्ण जातजातिको लोक संस्कृतिको सम्बर्द्धन र संरक्षणका लागि समूहगत रुपमा लोक बाजा तथा पोशाक उपलब्ध गराईने छ ।

-हल्दिबारीमा बहुसाँस्कृतिक संग्रहालयको निर्माण गरिने छ ।

-साँस्कृतिक सामुदायिक भवनको निर्माण गरिने छ ।

-गरिब तथा असहाय परिवारमा शुद्ध पानी पिउनका लागि पानी प्रशोधन (फिल्टर) निःशुल्क वितरण गरिने छ ।

-गोलधाप बजार, हल्दिबारी बजार पाराखोपी बजार ढडुवा बजार कन्चनश्री बजार, बडाबारी बजार लगायत अन्य महत्वपूर्ण चोकहरुमा सिसिक्यामेरा र वाइफाईको व्यवस्थापन गरिनेछ ।

**सिंचाई र उर्जाः**

-भूमिगत सिंचाईअन्तर्गत जडान भएका स्यालो ट्यूवेलहरुमा कृषकहरुलाई कृषि प्रयोजनमा विद्युत महसुलमा पूर्ण अनुदानको व्यवस्था गर्ने र नयाँ जडानका लागि ९५ प्रतिशत अनुदान दिइनेछ ।

-राज्यले निर्माण गरेका गोलधाप, हल्दिबारी र जलथलका डीप ट्युवेलहरु संचालनमा ल्याउन विद्युत विस्तार, क्यानल निर्माण लगायतका काम यथाशिघ्र गरिने छ र विद्युत महसुल निःशुल्क गरिनेछ ।

-सोलार मोटरको माध्यमबाट थोपा सिँचाई पाईलट प्रोजेक्टको रुपमा सम्भावित वडाहरुमा लागू गरिने छ ।

-सतह सिँचाई अन्तर्गत भुतेनी सिँचाई आयोजना अन्दुवा सिँचाई आयोजना, हर्चना सिँचाई आयोजना लगायत अन्य आयोजनाहरुको स्तरोन्नति र क्यानल भिआरवि निर्माण गर्दै सिँचाईमा किसानको सहज पहुँच पुऱ्याइने छ ।

-गोवर ग्याँस निर्माणमा किसानलाई पूर्ण अनुदानको व्यवस्था गरिने छ ।

-विद्युतको पहुँच नपुगेका ठाउँहरुमा सोलार बत्ती जडान गरिने छ ।

-पालिकामा पर्ने महत्वपूर्ण सडकमा सोलार बत्ती जडान गरिने छ ।

**उद्योग र सहकारीः**

-पालिकाभित्र रहेको सामूहिक उद्योगहरुलाई विस्तार र उत्पादन वृद्धिका लागि अनुदानको व्यवस्था गरिनेछ ।

-समूहमा आधारित उद्योग स्थापना तथा संचालनका लागि उत्प्रेरित गर्ने र स्थानीय स्तरमा रोजगारीको वातावरण सृजना गर्न पहल गरिनेछ ।

-एक व्यक्तिले एक भन्दा बढी उद्योग संचालन गरे विशेष सहुलियत दिइनेछ ।

-संचालनमा रहेको उद्योगको समस्या पहिचान गरी समाधानका लागि पहल गरिनेछ ।

-एक सहकारी एक उत्पादनको अवधारणा अनुसार सहकारीलाई उत्पादनको क्षेत्रमा जोडिने छ ।

-बेरोजगार समस्या समाधान गर्न स्वरोजगारमुलक व्यवसायको लागि आवश्यक तालिम सहित लगानी र यान्त्रिक उपकरणमा अनुदानको व्यवस्था गरी बेरोजगार नागरिकलाई रोजगारीमा जोडिने छ ।

-उत्पादन भएको वस्तुहरुको बजारीकरणको व्यवस्था सहकारीमार्फत गरिने छ ।

-राज्यले अपनाएको तीन खम्बे अर्थनीति अनुरुप सहकारीहरुसँग सहकार्य गरि विभिन्न कार्य गरिनेछ ।

**भौतिक पूर्वाधारः**

भौतिक पूर्वाधार विकासका लागि तपशिलका कामहरु गरिनेछ :

**वडा नं. १**

-गोलधाप बजार, अदुवा पुल, सिर्जना चोक हुँदै सापकोटा चोकसम्मको बाटो कालोपत्रे

-स्वास्थ्य चौकी, वडा कार्यालय, सिंहवाहिनी मन्दिर हुँदै गाउँपालिका जाने सडक कालोपत्रे

-जिरो प्वाईन्ट-मुक्तिघाट सडक कालोपत्रे

-आश्रम चोक, रामचोक सडक कालोपत्रे

-शहीद टंक न्यौपानेको घर दक्षिण शहिद खड्ग मोक्तानको घर हुँदै झापा रोड जाने सडक कालोपत्रे

-किराँत चोक हुँदै पूर्णप्रकाशको घर दक्षिण झापा रोड जोड्ने सडक कालोपत्रे

-भुतेनी खोलामा पक्की पुल ( धनुषा स्कुल खण्ड)

-मन्थन पुल (अदुवाखोला) निर्माण गर्ने

-गोकुल कित्ता रामचोक जोड्ने सडकको अदुवा खोलामा पक्की पुल

-ओमकारेश्वर वैदिक विद्या पिठमा छात्रावास निर्माण

-गायत्री स्वरुप आश्रम परिसर घेराबारा

-वडा नं. १ का मूल सडकका भित्रि तथा सहायक बाटाहरु स्तरोन्नती तथा ग्राभेल गरिने छ ।

-भद्रपुर, हल्दिबारी, गोलधाप, सडक र गोलधाप नयाँ बस्ती झापा रोड, देउनिया, उत्तर पाराखोपी चक्रपथ निर्माण गरिने

-सरस्वती मा.विमा पक्की भवन निर्माण

-दुर्गा देवी आधारभुत विद्यालयमा चारकोठे भवन निर्माण

-जागृति क्याम्पसमा छात्रावास, पुस्तकालय भवन निर्माण, खेल मैदान स्तरोन्नति

-हल्दिबारी १ मा सर्पदंश अस्पताल निर्माण

-अधुरा कभर्ड हलहरुलाई पूर्णता दिइने

-चन्द्र पहाडी दाहालको घर उत्तरको होलीमा भिआरभी (स्ल्याब कल्भर्ड) निर्माण

-विद्यालय, क्याम्पस तथा सार्वजनिक स्थलहरुमा निःशुल्क वाइफाई तथा सिसि क्यामेरा जडान

-भेलागुडी, रमाइलो डाँडा, ओमकारेश्वर लगायत अन्य सिमसार क्षेत्रमा बाल उद्यान निर्माण

-अदुवा, भुतेनी, देउनिया, साप डिग्री,भुसुडी, उत्तरेखोलालगायतका नदीहरुको भूक्षय नियन्त्रणका लागि तटबन्धनको व्यवस्था गरिने ।

**वडा नं. २**

-भद्रपुर - सगरमाथा - हल्दिबारी - गोलधाप सडक कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिने

-खर्साङ चोकदेखि शहिद गेट सम्मको बाटो कालोपत्रे

-दाहाल चोक - दुखिया टोल हुँदै गोरे चोकसम्मको बाटो कालोपत्रे

-कदम चोकदेखि रामलाल चोक जीवनबारी बेलागारा चोक हुँदै सैनिक बजार जोड्ने बाटो कालोपत्रे

**वडा नं. ३**

-कुनाबारी-ढडुवादेखी प्याजुगाउँ हुँदै कदमचोकसम्मको सडक कालोपत्रे गर्ने

-धनबहादुर राईको घर हुँदै चिनीमाया चोकसम्मको बाटो कालोपत्रे गर्ने

-ढडुवा बजार व्यवस्थापन गर्ने

-ढडुवा बजारदेखि डाँडागाउँ-ऐनाबारी-लक्ष्मीचोक हुँदै च्याङ्ग्राबान्दासम्मको बाटो स्तरोन्नति गर्दै लैजाने

-हल्दिबारी क्षेत्रभित्र भएका सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार आवश्यकता अनुसार स्तरोन्नति गर्दै लैजाने ।

**पुलहरुः**

-रातमाटी सामुदायिक वन उपभोक्ता समूहको क्षेत्रभित्र पर्ने काजली खोलामा

-लक्ष्मीस्कुल पूर्व भुसुडीखोला लगायत आवश्यकता अनुसार अन्य खोलामा पक्की पुल निर्माण

**वडा नं ४**

-लावुङ्ग डाँडादेखि बालुवा खोला ऐनाबारी हुँदै कदम चौकसम्म कालोपत्रे

-पाथीभरा पर्यटकीय विकास क्षेत्रदेखि तामाङ चोक- सुपारी वगान- चुडालचोक हुँदै पुरानो मंगलबारेसम्म बाटो स्तरोन्नति ।

-पाथीभरा पर्यटकीय विकास क्षेत्रदेखि बडावारी हुँदै मंगलबारे बजारसम्मको बाटो कालोपत्रे ।

-साविक जलथल र हल्दिबारीको सिमानाको बाटो देउनियादेखि भुतेनीसम्मको कालोपत्रे

-शान्ति चोक घाघरपाडा हुँदै गाउँपालिका जोड्ने बाटो स्तरोन्नति

-कालिमन्दिर चोकदेखि वन अफिस हुँदै झापार ोडको युवा मार्गसम्म कालोपत्रे

**पुलहरुः**

-बालुवा खोला (जंगलछेउमा)मा पुल

-रविन बि.क. को घरछेउको खोलामा पुल

-दनेश बि.क. को घरछेउको भेल्सा खोलामा पुल

-विजय लावतीको घर छेउमा झट्कन खोलामा पुल

-साविक जलथल १ देउनिया खोलामा आर्यघाट निर्माण

**वार्ड नं. ५**

-हरियाली सामुदायिक वन उपभोक्ता समितिको घाटगद्धिदेखि सिरुवाल चोक कञ्चन श्री स्कुल हुँदै त्रिवेणी चोकसम्मको बाटो कालोपत्रे

-यमुना बाँस्कोटाको घर छेउदेखि झापारोड उत्तर किरण दंगालको घर - चारआली चोक हुँदै नेत्र मार्गसम्म (रिङ रोड) कालोपत्रे ।

-शान्तिचोक हुँदै मेममार्ग जोड्ने बाटो कालोपत्रे

-कर्ण खपाङ्गी मगरको घर उत्तर हुँदै तुलसी गौतमको घर पश्चिम जोगी बस्तीसम्मको बाटो ग्राभेल (स्तरोन्नतिसहित)

**पुलहरुः**

-कुमार मगरको घरछेउमा सोडागान्धी खोलामा पुल निर्माण

-धनुषा पश्चिम भुतेनी खोलामा पुल निर्माण

-हरियाली पर्यटकीय विकास क्षेत्रमा झोलुङ्गे पुल निर्माण

---

# उत्सव कृषि सहकारी संस्था लिमिटेड

झापा गाउँपालिका - २ , कुमरखोद झापा

## मोटरसहितको च्यापकटर खरिद गर्ने सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९/०१/१९ गते

यस सहकारी संस्थाले कृषि मन्त्रालयको अनुदान सहयोगमा मोटरसहितको च्यापकटर खरिद गर्नु पर्ने भएकोले सार्वजनिक खरिद ऐन २०६३ संशोधन दफ ८ को उपदफा (१) क तथा सार्वजनिक खरिद नियमावली २०६४ संशोधन समेतको नियम ३१ ख वमोजिम त्यस्तो मोटरसहितको च्यापकटर उत्पादन गर्ने कम्पनी वा सो को आधिकारिक विक्रेताहरुवीच मात्र प्रतिस्पर्धा गराउने क्याटलग सपिङ्ग विधिवाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ख को उपनियम (२) अनुसार देहाय वमोजिमको मोटरसहितको च्यापकटर विक्री गर्न चाहने उत्पादक वा आधिकारिक विक्रेताले आ-आफ्नो उत्पादनको आधिकारिक स्पेसीफिकेशन , गुणस्तर , मूल्य र सुविधा सहितको विवरण संलग्न राखी मिति २०७९/०१/२५ गते दिनको १२ :०० वजे सम्ममा यस शिलवन्दी प्रस्ताव दर्ता गर्नु हुन जानकारी गराईन्छ । दर्ता भएका प्रस्तावहरु सोहि दिन दिनको ३ वजे खोलिने हुँदा सम्वन्धित उत्पादक वा सोको आधिकारिक विक्रेताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत विवरण तथा स्पेसीफिकेशनको लागि संस्थामा सम्पर्क राख्न सकिनेछ ।

| Types of machine | Quantity | General Specification |
|---|---|---|
| Chaff cutter | 50 set | 2hp electric motor operated 3 rolla machine, 42 inch table top frame 2 bade model , weight of 1set 110-115 kg, |

झापा गाउँपालिका २ , झापा    सम्पर्क नं. ९८१६९५७१०७

---

## जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र झापाले प्रदान गर्ने सेवाहरु सम्बन्धी

सूचना सूचना सूचना

(१) सबै प्रकारका रोगीहरू तथा रोगहरुको आयुर्वेद पद्धतिद्वारा निशुल्क दैनिक परीक्षण तथा उपचार सेवा ।
(२) २३ प्रकारका अत्यावश्यक आयुर्वेद औषधिहरू निशुल्क वितरण ।
(३) ल्याव सेवा ।
(४) पारालाइसिस, वाथ रोगीहरु तथा हात, खुट्टा , कम्मर दुख्ने रोगी तथा अन्य रोगीहरुको लागि पञ्चकर्म विधिद्वारा उपचार सेवा ।
(५) पिनास, माईग्रेन, मानसिक रोग तथा शिरो रोगीहरूको लागि नस्यकर्म तथा शिरोधारा सेवाद्वारा उपचार ।
(६) फिजियोथेरापी सेवा ।
(७) मलद्वारमा देखा पर्ने पाइल्स, फिस्टुला , फिसर लगायत अन्य रोगहरुको क्षारसुत्र विधिद्वारा उपचार सेवा ।
(८) अग्निकर्म विधिद्वारा विभिन्न दुखाई सम्बन्धी रोगहरुको उपचार सेवा ।
(९) जेष्ठ नागरिकहरुको लागि शक्तिबर्द्धक रसायन वितरण ।
(१०) स्तनपायी आमाहरुलाई दुग्धबर्द्धक आयुर्वेद औषधी निशुल्क वितरण ।
(११) स्वस्थ जीवन सम्बन्धी परामर्श एवम् योग सेवा

आदि विभिन्न प्रकारका सेवाहरु प्रदान गरिरहेकोले समयमै आफ्नो स्वास्थ्यको रक्षा गर्न जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा आएर आयुर्वेदद्वारा स्वास्थ सेवा लिई स्वास्थ्य लाभ लिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र , भद्रपुर , झापा

---

# बिर्तामोड नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**


## सूचना सूचना सूचना

बिर्तामोड नगरपालिका वडा नं. ३ स्थित बिर्ता बजारका पुराना टिनका टहरा खाली गरी कृषि तथा सामुदायिक भवन निर्माण गर्न श्री शिवालय आर.एस जे.भी, नयाँ बानेश्वर, काठमाण्डौसँग मिति २०८०।०६।०६ सम्ममा निर्माण कार्य सम्पन्न गर्ने गरी सम्झौता भए अनुसार उक्त स्थान खाली गर्नुपर्ने भएकाले साविकमा नगरपालिकाले टिन टहरा निर्माण गर्दा प्रयोग गरेका निर्माण सामाग्रीहरु बाहेक व्यवसायीहरुले आफैले प्रयोग गरेका सामाग्रीहरु हटाई यो सूचना प्रकाशित भएको मितिले ५(पाँच) दिन भित्रमा उक्त स्थान खाली गरी भवन निर्माण गर्ने कार्यमा सहयोग पुर्याईदिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै छैठौ दिनबाट निर्माण कार्य प्रारम्भ हुने समेत जानकारी गराईन्छ ।

**बिनोद कुमार न्यौपाने**
**प्रमुख प्रशासकिय अधिकृत**




हरि ओम UPVC उद्योग
बिर्तामोड-१ (बाल्मिकी स्कुल पश्चिम) फोनः ०२३-५४२४६१
हाम्रा सेवाहरू: यु.पि.भि.सि. का विभिन्न डिजाईनका झ्याल ढोका पार्टेसन,
रुफिङ्गका साथै आधुनिक आवास, विद्यालय, अस्पताल, होटलका भवनहरू निर्माण गरिन्छ।



नेपालमै पहिलो पटक बनेको ISO 2001/2015 मान्यता प्राप्त लिड केमिकल फ्रि भएको नेपालको एक नम्बर UPVC Nepatop
9842717153 / 9842696003

## सम्पादकीय

# निर्वाचन आचारसंहिताप्रति प्रश्न

**निर्वाचन आचारसंहिता पालनाको विषयमा सधैँ प्रश्न उठ्छ । निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयनबारे सधैँ चुनावका बेला प्रश्न उठ्ने गरेको हो । तर त्यसलाई समग्र विधि, प्रक्रिया र प्रणालीसँग जोडेर हेर्नुपर्ने र तत्काल त्यसमा ठूलो परिवर्तनको आशा गर्न नसकिने देखिएको छ ।**

**वैशाख ३० मा हुने स्थानीय तहको चुनावका लागि निर्वाचन आयोगले आचारसंहिता तयार पारेको छ । चुनावी आचारसंहिता खासमा राजनीतिक दलहरूले स्वतःस्फूर्त रूपमा प्रस्ताव गर्नुपर्ने विषय भएकोमा त्यो नहुनुसँगै समस्या निम्तिने गरेको छ ।आचारसंहिताको समस्या भनेकै आचरण हो। कानुन बनाएर बाध्यकारी बनाउँदा झन् पालन गराउनलाई कठिन भइरहेको छ ।**

**यस पटक समेत आचारसंहितामा समेटिएका चुनावी खर्च, चुनावअघि राजीनामा दिनुपर्ने लगायतका विषयमा दलहरूले बेवास्ता गरिरहेका छन् । निर्वाचन आयोगले दलहरूको सरसल्लाहमा भन्दै आचारसंहिता जारी गर्ने गरेको छ।तर पनि दलहरुले त्यसलाई कार्यान्वयन गर्दैनन्।**

**त्यसमा राजनीतिक दल, सरकार र गैरसरकारी पक्ष, नागरिक समाज र पर्यवेक्षकसम्मले गर्न नहुने कामहरू समावेश गरिएको छ। यहाँ निर्वाचन आयोगलाई दलहरूलाई खर्चको स्रोत कसरी जुटिरहेको छ, कसरी खर्च भइरहेको छ थाहा नहुने अवस्था छ। निर्वाचन आयोगमा उसले जेजति खर्चको सीमा तोकिदिएको छ त्यसभित्रै राखेर बुझाइने गरेको पाइन्छ । आयोगले त्यसलाई जम्मा पारेर राख्ने बाहेकको कर्मकाण्डी काम अहिलेसम्म केही भएको छैन।**

**खर्च धेरै गरेर निर्वाचित हुने सकिने प्रणाली कायम रहेसम्म यो समस्या कायम रहने विगतको अनुभवले देखाएको छ।**

**नेपालमा यसअघि अघिल्लो चुनावमा पाएको मतको आधारमा राज्यले दलहरूलाई चुनाव खर्च दिने विषयमा पूर्वनिर्वाचन आयुक्त एवं नेताहरू स्वयं बोलेका थिए।**

**जानकारहरू आचारसंहिताका भरमा निर्वाचनका बेला धेरैजसो सचेत गराइने, ठूला उल्लंघनका घटनामा समेत थोरै पैसा जरिबाना तिराइने र कडा कारबाहीका रूपमा उनीहरूका गतिविधि सार्वजनिक गरिनेसम्म गरिएको बताउँछन्।**

**निर्वाचन आयोगका अधिकारीहरूले आचारसंहिताको कार्यान्वयन बलियो पार्न जरिबाना गर्नेदेखि उम्मेदवारी रद्द गर्न सकिनेसम्मका नियम बनाइएको बताउँछन्।**

**आचारसंहिताको उल्लंघनका हकमा निर्वाचन कसुर तथा सजाय ऐनले एक लाख रुपैयाँसम्म जरिबाना र विभिन्न कसुर अनुसारको कारबाही गर्न सक्ने व्यवस्था गरेको छ । तर उजुरीहरू समेत कि त आग्रहका भरमा पर्ने या त त्यसको प्रक्रियाप्रति विश्वास नभएर नपर्ने गरेको जानकारहरूको अनुभव पाइन्छ।**


Pratidin National Daily
प्रतिदिन
तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# प्रेस स्वतन्त्रताको प्रतिबद्धता



• रामजी दाहाल

आज मे ३ अर्थात् विश्व प्रेस स्वतन्त्रता दिवस । स्वतन्त्र एवं बहुलवादी प्रेसका लागि 'विन्डहक घोषणापत्र ' जारी गरिएको सम्झनामा हरेक वर्ष मे ३ लाई विश्व प्रेस स्वतन्त्रता दिवसका रूपमा मनाउने गरिएको हो । युनेस्कोको आयोजनामा अफ्रिकी राष्ट्र नामिबियाको विन्डहक सहरमा ३ मे १९९१ मा भएको पत्रकारको सम्मेलनले बहुलवादी र स्वतन्त्र प्रेसका लागि ' विन्डहक घोषणापत्र ' जारी गरेको थियो । त्यसैको सम्झनामा सन् १९९३ देखि संयुक्त राष्ट्रसङ्घले यो दिवस मनाउने निर्णय गरेको हो । विभिन्न प्रकारका दमनको सामना गरेका सञ्चारकर्मीप्रति सम्मान व्यक्त गर्दै राज्यलाई प्रेस स्वतन्त्रताको वातावरण सुनिश्चित गर्न यस दिन विश्वभर दबाबमूलक कार्यक्रम गरिँदै आएको छ ।

नेपालमा प्रेस स्वतन्त्रताको अवस्थाबारे चर्चा गर्दा विभिन्न राजनीतिक कालखण्डमा फरक फरक अनुभूति भएको छ । कहिले नेपाली प्रेसको घाँटी निमोठ्ने , कहिले सञ्चार गृहमा हतियारसहित सेनाको उपस्थिति गराएर मनोवैज्ञानिक त्रास उत्पन्न गराउने , कहिले सेन्सरसिपको मार खेप्नुपर्ने अवस्था आएको थियो तर २०६२/६३ को राजनीतिक परिवर्तनपछि नेपाली प्रेस जगत्ले कानुनी रूपमा ठूलै राहत पाएको छ । संविधान सभामार्फत २०७२ सालमा जारी भएको नेपालको संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताको व्यवस्था हुनु नेपाली प्रेसका लागि सबैभन्दा ठूलो उपलब्धि मान्नुपर्छ । यसरी संविधानले प्रेस स्वतन्त्रताको सुनिश्चितता गरेको भए पनि व्यावहारिक पाटो हेर्दा कमजोर देखिन्छ । स्वतन्त्र प्रेसको विश्वव्यापी मान्यताअनुसार प्रजातान्त्रिक शासन व्यवस्था भएका जुनसुकै मुलुकमा प्रेसलाई स्थायी प्रतिपक्ष मानिन्छ । अर्थात् प्रेसको प्रमुख दायित्व भनेकै सरकारका कामको आलोचना गर्नु हो, टीकाटिप्पणी गर्नु हो । यसो गर्नु पत्रकारिताको व्यावसायिक धर्म नै हो तर सत्तामा रहेका दलहरू र राजनीतिक नेतृत्व प्रेसले गर्ने स्वस्थ आलोचना र टीकाटिप्पणी सुन्नै चाहँदैन । राजनीतिक नेतृत्वको दोहोरो चरित्रका कारण प्रजातान्त्रिक शासन व्यवस्थामा पनि नेपाली प्रेसले बेलाबेलामा मार खेप्नु परेको छ ।अघिल्लो सरकारको नेतृत्व गरेका एमाले अध्यक्ष केपी शर्मा ओलीले सार्वजनिक कार्यक्रममै पटक पटक पत्रकारलाई होच्याउने अभिव्यक्ति दिनुभयो । प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बोलाएर लेख्न पनि आउँदैन भन्दै पत्रकारलाई अपमानित गर्ने कामसमेत गरियो । ओली सत्ताबाट बाहिरिएपछि नेपाली काँग्रेस सभापति शेरबहादुर देउवाले सरकारको नेतृत्व गर्नुभएको छ । देउवाका अभिव्यक्ति प्रेस स्वतन्त्राताविरोधी त सुनिएको छैन तर गृह मन्त्रालयले बेलाबेलामा जारी गर्ने गरेका उर्दी प्रेस स्वतन्त्रता सङ्कुचन गराउने गरी भएका छन् । सरकारको नेतृत्व गरेको यो त्यही दल हो, जसका संस्थापक नेता बीपी कोइरालाले गल्ती, कमजोरी औँल्याएर सरकारलाई सच्चिने मौका देऊ भनेर २०१५ सालमा पत्रपत्रिकालाई कागज खरिद गर्नका लागि मासिक रु. २०० सुविधा (त्यतिबेला एक तोला सुनको मूल्य) दिने निर्णय गरेका थिए । आजका दिनमा प्रेस काउन्सिल नेपालले पत्रपत्रिकाको वर्गीकरण गरेर अखबारलाई दिने गरेको सुविधा त्यसैको निरन्तरता हो । बीपी कोइरालाका चेलाहरूले यतातिर बढी हेक्का गर्नुपर्छ ।

पछिल्लो समय प्रेस स्वतन्त्रता, बहुलवाद र पत्रकार सुरक्षाको विषय संसारभर थप पेचिलो बन्दै गएको छ । राजनीतिक दल, विभिन्न स्वार्थ समूह, विद्रोही पक्ष, भूमिगत सशस्त्र समूहलगायतका कारण विश्वका अधिकांश मुलुकमा प्रेस स्वतन्त्रता खस्कँदो अवस्थामा छ । यसबाहेक कोभिड-१९ को महामारीका कारण पछिल्लो दुई वर्षदेखि संसारभरकै पत्रकारिता थला परेको छ । जसबाट नेपाली पत्रकारिता पनि अछुतो रहेन, अछुतो छैन । कतिसम्म भने स्थापित र आफूलाई कर्पोरेट दाबी गर्दै आएका सञ्चार गृहसमेत कोभिडबाट नराम्ररी हल्लिन पुगे । कुनै मिडिया हाउस दुई महिनामै गले, कसैले पाँच महिनापछि हात उठाए ।

सङ्कटका बेला पत्रकारलाई कसरी टिकाउने भन्दा पनि लगानीकर्ता वर्षौंदेखि कार्यरत श्रमजीवी पत्रकार कटौती गर्नीतिर लागे । लामो इतिहास बोकेका कर्पोरेट मिडिया र तिनका सञ्चालक यो अवस्थामा पुग्नुले हाम्रो मिडियाको आर्थिक पाटो कतिसम्म नाजुक रहेछ भन्ने प्रस्ट हुन्छ । कोभिड-१९ को जोखिमका बेला अझै बढी सिर्जनशील र रचनात्मक हुनुपर्ने पत्रकार नै सङ्कटमा परे । रोजगारी नै गुमाउनुपर्ने अवस्थामा पुगे । जसको सिधा असर समाचार कक्षमा देखियो । जसका कारण स्थलगत रिपोर्टिङ लगभग मर्ने अवस्थामा पुगेको छ । यसको प्रभाव समाचार कक्षमा आजसम्म पनि देखिएको छ । यसले पार्ने असर भनेको जनचासोका मुद्दा ओझेलमा परेका छन् । सर्वसाधारणका आवाज सञ्चारमाध्यमले उठाउन सकेका छैनन् । सञ्चारमाध्यम आवाजविहीनको आवाज बन्न सकेको अवस्था छैन । समाचार एजेन्सी र व्यापारिक घरानाले तयार पारेका प्रेस विज्ञप्ति कतिपय मिडिया हुबहु छापेर बसेका छन् । कस्तो खालको पत्रकारिता भइरहेको छ भन्ने कुरा यसबाट सहजै आकलन गर्न सकिन्छ । भुइँमान्छेका आवाज बन्नुपर्ने सञ्चारमाध्यम र सञ्चारकर्मी प्रश्न गर्न नसक्ने अवस्थामा पुगेका छन् ।

यहीबीचमा सूचना तथा सञ्चार प्रविधि मन्त्रालयले विवादास्पद प्रसारण नियमावली जारी गर्ने काम गर्‍यो । ऐन संशोधन नगरी नियमावली जारी गर्ने यो गलत प्रक्रियाको प्रेस स्वतन्त्रताका पक्षपातीले एकस्वरमा विरोध गरे, गरेका छन् । पछिल्लो समय सूचना तथा प्रसारण विभागमा दर्ता भएका अनलाइनको सङ्ख्या तीन हजार पुगेको छ । अनलाइनलाई ठीक ठाउँमा राख्नका लागि नियमन गर्नुपर्नेमा नियन्त्रणको प्रयास भइरहेको छ । जबकि संविधानमा कहीँ पनि सेन्सरसिपको कल्पना गरिएको छैन । पछिल्लो समय अभिव्यक्तिका माध्यम डिजिटलमा फेरिएको छ । पुरानो ढर्राबाट सञ्चालित पत्रकारिता डिजिटलमा रूपान्तरण हुने क्रममा छ तर डिजिटल माध्यम सुहाउँदो वातावरण बन्न सकेको छैन । यसो हुँदा हिजोका दिनमा पत्रकारमाथि हुने फिजिकल थ्रेट पछिल्लो समय डिजिटल थ्रेटमा बदलिएको छ ।

बिश्व प्रेस स्वतन्त्रता दिवसको पूर्वसन्ध्यामा रिपोर्टर्स विदआउट बोर्डरले प्रकाशित गरेको तथ्याङ्कमा १ जनवरीदेखि १ मे, २०२२ सम्म संसारभरका २३ जना पत्रकार र मिडियामा आबद्ध एक जना कर्मचारी गरी २४ जनाले कामको सिलसिलामा ज्यान गुमाएका छन् । साथै ४५९ जना पत्रकार र मिडियामा काम गर्ने १९ जना कर्मचारी आजका दिनमा थुनामा रहेको पनि सो संस्थाको तथ्याङ्कमा उल्लेख छ । यसबीचमा रुसले युद्ध सुरु गरेपछिको यो छोटो अवधिमा युक्रेनमा मात्रै २० जनाभन्दा बढी पत्रकारले ज्यान गुमाएका छन् । नेपालमा यो वर्ष पत्रकारले ज्यान गुमाउनु परेन । जसलाई सुखद संयोग मान्नुपर्छ तर माओवादीको सशस्त्र द्वन्द्वका क्रममा सरकार र विद्रोही पक्षबाट माारिएका पत्रकारको सङ्ख्या दुई दर्जन नाघेको थियो । विश्वका जुनसुकै मुलुकमा अधिकांश पत्रकारको हत्या योजनाबद्ध ढङ्गबाट गरिएको पाइन्छ तर पनि हत्यारा पत्ता लगाउन र उनीहरूलाई कारबाही गर्न सरकारले चासो नदेखाएको स्पष्ट छ ।

एक दशक लामो माओवादी सशस्त्र द्वन्द्वका क्रममा पत्रकारमाथि भएका सबै खाले आक्रमणको भर्त्सना गर्दै २०६३ साल मङ्सिरमा संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्मा एक प्रस्ताव पेस गरिएको थियो । फ्रान्स र ग्रिसद्वारा प्रस्तावित तथा बेलायत, स्लोभानिया र डेनमार्कद्वारा समर्थित प्रस्तावमा राष्ट्रसंघका सबै सदस्य राष्ट्र र सम्बन्धित पक्षलाई पत्रकारविरुद्ध आपराधिक गतिविधि रोक्न र शङ्कास्पद दोषीमाथि छानबिन गरी कडा कारबाही गर्न आह्वान गरिएको थियो । राष्ट्रसंघका लागि फ्रान्सेली राजदूत जाँ मार्क डी ला सब्लियरले भन्नुभएको थियो,ँपत्रकारले आफ्नो काम निर्धक्क र स्वतन्त्रतापूर्वक गर्न पाउनु पर्छ । उनीहरूमाथि आक्रमण गरिनु हुन्न ।

पत्रकारविरुद्धका सबै खाले हिंसा रोक्नु, आक्रमण सम्बन्धमा अध्ययन गर्नु र दोषीलाई सजाय दिनु अपरिहार्य हुन्छ भनी सबै पक्षलाई स्पष्ट सन्देश दिने समय आइसकेको छ । तसर्थ पत्रकारले स्वतन्त्र र निर्धक्कसँग काम गर्ने वातावरण तय गर्न पत्रकारविरुद्धका सबै खाले हिंसा रोक्नुपर्छ, दोषीलाई सजाय दिनैपर्छ । सत्ताबाहिर रहँदा प्रेस स्वतन्त्रताको कुरा गरेर नथाक्ने राजनीतिक दलका नेताहरू सत्तामा पुग्नासाथ प्रेसलाई शत्रुको व्यवहार गर्ने गर्छन् । स्वस्थ आलोचना र टीकाटिप्पणी सुन्न नचाहने राजनीतिक नेतृत्वको दोहोरो चरित्रका कारण नेपाली प्रेसले मार खेप्नु परेको छ ।

# निर्वाचनमा बालबालिकाको निर्वाध प्रयोग, घोषणापत्रमा खै तिनका अधिकारबारे प्रतिबद्धता ?



• तिलक कार्की




आसन्न स्थानीय तहको निर्वाचन होस् या अन्य जुनसुकै तहको निर्वाचन होस् , राजनैतिक पार्टीहरुले बालबालिकाको प्रयोग गर्नु गलत र गैरकानुनी काम हो । यसमा राजनैतिक दल र उम्मेदवारले विशेष ध्यान दिन जरुरी छ । बालबालिकाकाको प्रयोग गर्ने तर बालबालिका केन्द्रीत र सरोकारका परिवर्तनकारी कार्यक्रम दलका योजनामा परेका छन् त ? गम्भीर प्रश्न यो हो । परीक्षा सकाएर विद्यालय बन्द छन् । बालबालिका फुर्सदिला छन् । दलहरुका झण्डा तयार गर्ने , बोक्ने , टाँग्न लगाउने , पोष्टर , पम्पलेट टाँस्न लगाउने , जुलुसमा लैजाने , सरसामग्री ओसारपसार गराउने , बाजा बजाउने , सभामा सहभागी गराउने , एक अर्काका विरुद्ध जासुसी गराउने वा सूचना आदान प्रदानमा बालबालिका प्रयोग गरिएका हुन्छन् । आफ्ना पक्षमा मत परिणाम ल्याउन उद्धत राजनैतिक दलहरु आचारसंहितालाई लत्याउन पनि पछि पर्दैनन् । हेपाहा प्रवृत्ति भएका केही नेताहरु आफूलाई सर्वशक्तिमान ठानी बल , धन र जमातको तुजुक देखाउँदै सम्वन्धित सरोकारवाला र निर्वाचनमा खटिएका कर्मचारी तथा आचारसंहिता पालना गराउने संयन्त्रकै धज्जी उडाउन पनि पछि परेका छैनन् ।

निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहिता २०७८ को परिच्छेद २ को ' ग ' अनुसार कुनै सरकारी कार्यालय वा सामुदायिक विश्वविद्यालय वा विद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचनसम्बन्धी भेला वा प्रचारप्रसार गर्न वा गराउन नहुने उल्लेख छ । त्यसैगरी परिच्छेद २ को ' छ ' मा अठार वर्ष पूरा नभएका बालबालिकालाई निर्वाचन प्रचारप्रसारमा प्रयोग गर्न वा गराउन नहुने व्यवस्था गरिएको छ । परिच्छेद ४ को ' ट ' ले राजनीतिक दल , उम्मेदवार तथा दलको भातृसंगठनले निर्वाचन प्रचारप्रसार, आमसभा तथा जुलुसमा अठार वर्ष पूरा नभएका बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने स्पष्ट व्यवस्था गरेको छ । आचारसंहिताको उल्लंघन भएमा प्रकृति र स्वरुप हेरी सचेत गराउने , सूचना सार्वजनिक गर्ने , कानूनत : जरिवाना वा दण्ड सजायलाई कार्यान्वयन गर्ने तथा उम्मेदवारको उम्मेदवारी रद्द हुने सम्मको कानूनी व्यवस्था रहेको छ । आचारसंहितामा किटान गरिए बमोजिमका दफाको कार्यान्वयनका लागि जिल्ला , स्थानीय तह , बाल क्लब सञ्जाल , बाल क्लबलगायत

**बालबालिकासँग सम्बन्धित सरोकारवालाहरुले वक्तव्य निकाली, ज्ञापनपत्र बुझाइ , ध्यानाकर्षण गरेर मात्र पुग्दैन । हरेक पालिका स्तरका भएका संरचनाको प्रयोग गरी प्राप्त सूचनाको आधारमा कारबाहीका लागि सिफारिस गर्नु पर्दछ ।**

सरोकारवालाहरुले राजनैतिक दलसँग बहस पैरवी तथा खबरदारी गर्नु पर्दछ । १८ वर्ष पूरा नभएका बालबालिका पनि सचेत भई चुनावी प्रचारप्रसार , जुलुस , आमसभा तथा कुनै पनि राजनैतिक क्रियाकलापमा प्रयोग हुनु हुँदैन । भएको पाइएमा सचेत गराउँदै सम्वन्धित सरोकारवाला राजनैतिक दलको ध्यानाकर्षण गराउनु पर्दछ । बालबालिकाहरुलाई कुनै अर्थमा पनि प्रयोग नगर्ने लिखित प्रतिवद्धता राजनैतिक दलले गर्नु पर्दछ । बालबालिका प्रयोगलाई पूर्ण रुपमा निषेध गरी इमान्दारीताका साथ आचारसंहिताको पालना गरी राजनैतिक दलको छवि उच्च राख्नु पर्दछ । कथित शक्ति प्रदर्शनको नाममा शिक्षक संगठन तथा विद्यार्थी संगठनको अगुवाइमा बालबालिका प्रयोग भइरहेका छन् । बालबालिकाको प्रयोग रोक्न प्रभावकारी अनुगमन संयन्त्र तयार गरी अर्थपूर्ण काम गरिनु पर्दछ । बालबालिकासँग सम्बन्धित सरोकारवालाहरुले वक्तव्य निकाली, ज्ञापनपत्र बुझाइ , ध्यानाकर्षण गरेर मात्र पुग्दैन । हरेक पालिका स्तरका भएका संरचनाको प्रयोग गरी प्राप्त सूचनाको आधारमा कारबाहीका लागि सिफारिस गर्नु पर्दछ । सञ्चार माध्यम, सामाजिक सञ्जालमार्फत् सार्वजनिक गर्नु पर्दछ । जुन दलले सुरुमा बालबालिकाको प्रयोग गर्दछ , त्यसलाई तत्काल कारबाही गरी अरुलाई सचेत र सजग गराउनु पर्दछ । राजनैतिक घोषणा पत्रमा बालबालिकाका सवाल राखिएता पनि मिहिन रुपमा संवेदनशील भएको पाइँदैन । बालबालिकाका सवालहरुमा खास गरी बालश्रम , घरेलु हिंसा , बालविवाह , शारीरिक दण्ड सजाय , भेदभाव , यौन दुर्व्यवहार तथा शोषण , विद्यालयबाट बञ्चित बालबालिका छन् । अपाङ्गता भएका , एचआइभी संक्रमित , जन्मदर्ता नभएका , अभिभावकत्वको अधिकारवाट बन्चित , प्राकृतिक विपत्ति , सशस्त्र द्वन्द्वबाट पीडित , अपहरण , बाबुआमा सम्वन्धविच्छेदका चपेटामा परेका बालबालिका आदिका विषयमा ठोस कार्यनीति तय गर्नु दलहरुको आजको आवश्यकता हो । गाउँपालिका तथा नगरपालिकाले गर्ने विकास निर्माण योजनालाई बालमैत्री बनाउने , शिक्षा र स्वास्थ्यको अधिकार , सामाजिक सुरक्षाको अधिकार तथा बालबालिकाको संरक्षणको अधिकारको सुनिश्चितताको घोषणा गर्ने दल वा व्यक्तिको आवश्यकता छ । बालबालिकासित सम्बन्धित संघीय कानुन र प्रादेशिक कानुन कार्यान्वयन गर्नका निमित्त स्थानीय सरकारको योजना तर्जुमा , कार्यान्वयन र श्रोत परिचालनमा समेत ध्यान दिने नेताको खाँचो छ ।

अबको चुनावमा हाम्रालाई नभई राम्रा व्यक्ति जो बालबालिकाप्रति संवेदनशील छ , उसलाई छान्न बालबालिकाले पनि अभिभावकलाई अनुरोध गर्नु पर्दछ । राम्रा , सक्षम , सबल , पढेलेखेका व्यक्तिलाई चुन्नका लागि पहल गर्नुका साथै राजनैतिक पार्टीका नैतिकवान , जिम्मेवार , बालबालिकाकाप्रति सजग उम्मेदवार छान्नका लागि आआफ्नो तह र तप्काबाट लाग्नु पर्दछ । अबको निर्वाचनमा बालबालिका प्रयोग नगरी बालबालिका प्रति संवेदनशील , योजनाकार , दक्ष , अनुभवी दलीय स्वार्थभन्दा माथि उठेका , योग्य उम्मेदवारको विजयी भई समुन्नत स्थानीय तह निर्माणमा सहयोग पुगोस् ।

# स्थानीय तह निर्वाचन २०७९ का लागि नेकपा(माओवादी केन्द्र) हल्दिबारी गाउँ कमिटीद्वारा प्रस्तुत गरिएको प्रतिबद्धतापत्र

नेपाली जनता करिव २५० बर्षसम्म सामन्तवादको जालोमा जेलिए । १०४ वर्षको राणा शासनविरुद्ध भएको जनक्रान्तिको फलस्वरुप २००७ सालमा प्रजातन्त्र आयो तर, २०१७ साल पुष १ गते प्रजातन्त्रमाथि 'कु' गर्दै पुनः निर्दलीय पंचायती व्यवस्थाको शुरुवात भयो । ३० वर्ष अन्धकारमय शासन भोग्न नेपाली जनता बाध्य भए । २०४७ मा प्रजातन्त्र पुनर्स्थापना भयो तर, सर्वहारा शोषित पीडित जनताको न्याय र मुक्तिका खातिर २०५२ साल फागुन १ गतेबाट बाध्य भएर नेपाल कम्युनिष्ट पार्टी माओवादीले हतियार उठाउनु परेको परिस्थिति नेपाली जनताका सामु ऐनाजस्तै छर्लङ्ग छ । जनयुद्धको जगमा २०६२/०६३ को जनआन्दोलनले मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो । आज पनि देश नेकपा माओवादी केन्द्रकै एजेण्डामा अघि बढिरहेको छ । संविधानसभामार्फत २५० वर्ष लामो राजतन्त्र अन्त्य गर्नुका साथै संघीयता, समावेशिता र धर्मनिरपेक्षतासहितको समाजवाद उन्मुख संविधान जारी भयो । २०७४ सालको निर्वाचनपश्चात् नेपाल कम्युनिष्ट पार्टी नेकपाको नेतृत्वमा तीनै तहका सरकारको नेतृत्व नेकपाले गरेको थियो । तर, नेकपाभित्रकै एक दक्षिणपन्थी, प्रतिक्रियावादी घटकले वहुमतको कम्युनिष्ट सरकार गिराउन गरेका अनेकौं प्रयत्नका कारण आजको विषम परिस्थिति सिर्जना भएको तितो यथार्थ सबैसामु छर्लङ्ग छ ।

जुन उद्धेश्यबाट संघीयताको परिकल्पना भएको थियो, सो विचारले स्थानीय तहको नेतृत्वमा पुग्न नसक्दा नेकपा माओवादी केन्द्रले अवलम्बन गरेको गाउँ गाउँमा सिंहदरबारको अवधारणा अहिलेसम्म स्थापित हुन सकेको छैन । यथास्थितिमै स्थानीय तह सञ्चालन भइरहेकाले आम नागरिकले परिवर्तनको महशुस गर्न पाएका छैनन् । संघीयता विरोधीहरु आज पनि व्यवस्थाका विरुद्ध लागिरहेका छन् । "जसको नीति उसकै नेतृत्व" भन्ने मुल नाराका साथ आगामी ५ वर्षमा समाजवादको पूर्वाधार तयार गर्ने कार्यदिशातर्फको हाम्रो यात्रामा निजी, सहकारी र राज्यको पूँजीको अधिकतम परिचालन गर्दै भौतिक पूर्वाधारको विकासलाई पूर्णता दिँदै सामाजिक न्यायसहितको आर्थिक रुपमा समृद्ध हल्दिबारी गाउँपालिका बनाउने अभियानलाई साथ दिन गोलाकारभित्रको हँसिया हथौडामा छाप लगाई नेकपा (माओवादी केन्द्र) का उम्मेद्वारहरुलाई विजयी गराउनुहुन आम हल्दिबारीवासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरुलाई हार्दिक अपिल गर्दछौं ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को नेतृत्वमा बन्ने अबको स्थानीय सरकारले देहायका नीति तथा कार्यक्रमहरु अवलम्बन गर्ने छ :

-संविधान प्रदत्त स्थानीय तहलाई प्राप्त अधिकारअन्तर्गत निजी, सहकारी र राज्यको पूँजीलाई तीन खम्बे अर्थनीति अनुसार प्रयोग गरि समृद्ध हल्दिबारी बनाइने छ ।

-विकास निर्माणका सबै कामलाई कृषि उद्योग र पर्यटनसँग जोड्दै हल्दिवारीलाई आत्मनिर्भर बनाईने छ ।

-व्यावसायिक खेती तथा पशुपालनलाई प्रोत्साहन गरिनेछ ।

-रोजगार केन्द्र (व्यद ऋभलतभच) स्थापना गरि काम गर्ने उमेर समूहको जनशक्तिलाई उत्पादन र रोजगारसँग जोड्दै हल्दिबारीको प्रतिव्यक्ति आम्दानी बढाउन पहल गरिनेछ ।

-व्यवस्थित र वैज्ञानिक राजश्व प्रणाली, सुशासन र पारदर्शितामा बिशेष ध्यान दिइने छ ।

-हल्दिवारीलाई स्वास्थ्य, शिक्षा, सञ्चार प्रविधि र व्यापार व्यवसायमैत्री बनाइने छ ।

-कला, साहित्य, संगीत, भाषा, धर्म, संस्कृति र सभ्यताको संरक्षण र सम्बर्द्धन गरिने छ ।

-मौलिक हक र अधिकारको पूर्ण प्रत्याभूति दिलाई समतामूलक समृद्ध समाज निर्माण गरिने छ ।

**कृषिः**

यस हल्दिबारी गाउँपालिकाभित्र उर्वर भूमि भएतापनि यसको उचित व्यवस्थापन हुन नसक्दा परनिर्भरतामा आश्रित हुनु परेको परिस्थितिलाई अन्त्य गर्नका लागि हाम्रो गौरवशाली पार्टी नेकपा माओवादी केन्द्रले कृषि क्षेत्रको समुचित विकासका लागि निम्न प्रतिवद्धता गर्दछ :

-खाद्यान्न वाली, नगदेवालीमा अनुकूल फसलको अनुकूल भूगोल छनौट गरी पकेट क्षेत्र निर्धारण गरी मल, बीउ, तालिम, गोष्ठी, अवलोकन भ्रमणको व्यवस्थापन गरिनेछ र कृषिमा आधारित अनुदान कार्यक्रम ल्याइने छ ।

-विभिन्न कृषिसँग सम्बन्धित उत्पादन धान, मकै, गहुँ, गाजर, तरकारीजन्य वस्तु, मसलाजन्य, दुग्धजन्य, मासुजन्य, महजन्य उत्पादनहरुको वाली विमा तथा तालिम, गोष्ठी, सेमिनार र अनुदान कार्यक्रम ल्याइने छ ।

-कृषिमा आधारित उद्योग, चामल, पिठो, मुरै, चिउरा लगायत अन्य प्रकृतिका अचारजन्य, मसालाजन्य समुदायमा आधारित स्थानीय उद्योगहरुलाई प्रदेश सरकार, स्थानीय सरकार, संघीय सरकारमार्फत अनुदान तथा कर छुटका विशेष कार्यक्रम ल्याइने छ ।

-व्यक्तिगत रुपमा संचालन गरिएका दुग्धजन्य चिस्यान केन्द्र, पनिर, घिउ, दही, दूध, रसबरी, छुर्पीजस्ता उद्योगीहरुलाई समेत अनुदानका विशेष कार्यक्रम ल्याइने छ ।

-ज्येष्ठ नागरिकहरुमा आधारित एकघर एक घार मौरी पालन अनिवार्य गराईने छ जुन निःशुल्क वितरण गरिने छ । १० घारभन्दा बढी मौरीपालन गर्ने ज्येष्ठ नागरिकहरुलाई थप अनुदान विशेष कार्यक्रम ल्याइने छ ।

-हल्दिबारी वार्ड नं ३,४,५ को झापा रोड दक्षिण क्षेत्रको वार्ड नं. ४ मा मौरीको मह प्रशोधन केन्द्र स्थापना गरिने छ ।

-पशुपालन गर्ने व्यावसायिक कृषकहरुलाई अनुदान तथा पशु बिमा निःशुल्क गरिनेछ ।

-पाँचसय भन्दा माथि पंक्षीपालन गर्ने कृषकहरुको पंक्षी बिमा तथा अनुदानका कार्यक्रम संचालन गरिने छ ।

-मासुजन्य पशु वधशालालाई आधुनिकीकरण गरी परम्परागत वधशालालाई पूर्ण निषेध गरिनेछ । वधशालाहरुमा डिफ्रिजको निःशुल्क व्यवस्थापन गरिनेछ ।

-समुदायमा आधारित हल्दिवारी २ को चिया प्रशोधन केन्द्र चिया फ्याक्ट्रीलाई कर छुटको व्यवस्था गरिने छ ।

-हल्दिबारी वार्ड नं २ को तेल उत्पादन गर्न बनेको उद्योग तथा तेलहनवालीका लागि विशेष कार्यक्रम संचालन गरी कृषकहरुलाई उपज उत्पादन प्रोत्साहनमा अनुदानको विविध कार्यक्रम दिइने छ ।

-६० वर्ष नाघेका एकल आमा दिदीबहिनीहरुलाई कपास खेती वाली उत्पादन गरी बजार व्यवस्थापनका विशेष कार्यक्रममा अनुदान ल्याईने छ ।

- पालिकाभरिको किसानमध्ये एक जना उत्कृष्ट किसानलाई सम्मान तथा पुरस्कृत गरिने छ ।

-किसानहरुलाई हार्भेस्टर मेसिन अनुदानमा उपलब्ध गराईनेछ ।

-बिषादीरहित तरकारी उत्पादनमा किसानलाई प्रेरित गर्न गड्यौला मल तथा प्राङ्गारिक मल उत्पादनमा जोड दिँदै बिषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला स्थापना गरिने छ ।

-खेतीयोग्य जमिनलाई चाक्लाबन्दी गरी सिंचाईको व्यवस्था गरिनेछ ।

**युवा तथा खेलकुदः**

'स्वास्थ्य र प्रतिभा पहिचान, हल्दिबारी गाउँपालिकाको सान' भन्ने तथ्यलाई आत्मसात गर्दै युवा स्वरोजगार र खेलकुदलाई व्यवसायिकीकरण गरिने छ । युवा तथा महिलाहरुलाई निरन्तर रुपमा व्यावसायिक, प्राविधिक र उद्यमशिलता तालिम तथा सहुलियत कर्जा र बजार व्यवस्थापन परामर्श सेवा दिई व्यावसायिक बनाइने छ । बेरोजगारहरुको खण्डिकृत तथ्याङ्क लिई विवरण तयार गरेर उपयुक्त सफ्टवेयरको प्रयोग गरी रोजगार सेवा केन्द्र स्थापना गरिनेछ । साथै रोजगारका अवसरहरु निरन्तर रुपमा पहिचान र विकास गरी बेरोजगारलाई रोजगारमा आवद्ध गरिनेछ ।

-हल्दिबारीको प्रत्येक वडामा खेल मैदानको व्यवस्था गरिनेछ ।

-खेलकुद समिति तथा क्लबलाई आवश्यक खेल सामग्री प्रदान गरिनेछ ।

-खेलकुदको विकासका लागि विद्यालय तहबाट नै आवश्यक व्यवस्था गरिनेछ ।

-बार्षिक रुपमा नगरस्तरीय प्रतियोगितात्मक खेलकुद आयोजना गरिनेछ ।

-गाउँपालिकाभित्रका राष्ट्रिय खेलाडीलाई मासिक रुपमा आर्थिक सहयोग प्रदान गरिनेछ ।

-व्यावसायिक खेलाडी उत्पादन गर्न हल्दिबारीमा खेल प्रतिष्ठान (स्पोर्ट्स एकाडेमी) स्थापना गरिनेछ ।

-अन्तर्राष्ट्रिय खेल प्रतियोगितामा स्वर्ण पदक प्राप्त गर्न सफल हुने पालिकाभित्रका खेलाडीलाई एक वर्षसम्म मासिक ५,०००/- (अक्षरेपी पाँच हजार रुपैँया) का दरले प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

-युवाहरुको क्षमता वृद्धिका लागि व्यवसायीक सीपमूलक तालिम दिई स्वरोजगार तथा उद्यमशिल बन्न सहयोग गरिनेछ ।

-युवा लक्षित विभिन्न चेतनामुलक तथा ज्ञानवर्द्धक सेमिनार तथा गोष्ठी आयोजना गरिनेछ ।

-वैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई स्थानीयस्तरमा नै स्वरोजगार तथा उद्यमी बन्न सहयोग गरिनेछ ।

-युवाहरुलाई स्वदेशमा क्षमता, योग्यता र सीप अनुसारको जागिर खोज्न सहयोग पुऱ्याउने जब सेन्टर संचालन गरिनेछ ।

-पाथीभरा खेल मैदान, शान्ति खेल मैदान, चतुरमान कभर्ड हल, नुनथला कभर्ड हल, हल्दिबारी १ भाङ्खुवाबारी खेल मैदान र विभिन्न विद्यालय, क्याम्पसका खेल मैदान निर्माण तथा स्तरोन्नती गरिने छ । पुरानो योजनालाई निरन्तरता दिई नयाँ योजनाहरुको लागि यथेष्ट बजेट व्यवस्थापन गरिनेछ ।

**महिला तथा बालबालिकाः**

-महिलाहरुको क्षमता तथा नेतृत्व विकासका लागि विभिन्न तालिम संचालन गरिने छ ।

-विभिन्न सीपमुलक तालिम दिई महिलाहरुलाई स्वरोजगार तथा उद्यमी बन्न सहयोग गरिनेछ ।

-महिला अधिकारका विषयमा कानुनी तथा चेतनामुलक सेमिनार तथा गोष्ठी संचालन गरिनेछ ।

-कानुनी उपचार खोज्नु पर्ने महिलाका लागि निःशुल्क परामर्श सेवा उपलब्ध गराईनेछ ।

-गृहिणी महिलाको स्वास्थ्यलाई ख्याल गरी धुवाँरहित भान्सा बनाउन इन्डक्सन चुलो वितरण गरिनेछ ।

-सामुदायिक विद्यालयमा अध्ययन गर्ने छात्राहरुका लागि निःशुल्क सेनेटरी प्याड उपलब्ध गराईनेछ ।

-बाल स्वास्थ्यलाई मध्यनजर गरी खोप केन्द्रको विस्तार गरिनेछ ।

-५ वर्षसम्मका बालबालिकालाई पौष्टिक आहारको व्यवस्था गरिनेछ ।

-विद्यालय जानबाट बन्चित विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालय भर्ना हुन सहयोग गरिनेछ ।

-पालिका क्षेत्रभित्र बालश्रम प्रयोग गरिने छैन ।

-बाल दुर्व्यवहार रोक्न चेतनामुलक कार्यक्रम गरिनेछ ।

-बालबालिकाहरुलाई मनोरञ्जन प्रदान गर्न बाल उद्यानको निर्माण गरिने छ ।

**शिक्षा /स्वास्थ्यः**

-प्रत्येक सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर वृद्धि गरी अंग्रेजी नेपालीका साथै आवश्यकता अनुसार स्थानीय मातृभाषाको माध्यमबाट पठनपाठनको व्यवस्था मिलाइने छ ।

-संचालनमा ल्याईएको लोपोन्मुख मेचे समुदायको प्राथमिक शिक्षा पाठ्यक्रम तथा कक्षालाई आधारभुत तहसम्म संचालन गर्न पाठ्यक्रम र शिक्षकको व्यवस्थापन गरिने छ ।

-स्वरोजगारमुलक र प्राविधिक शिक्षामा जोड दिँदै प्राविधिक शिक्षाका लागि हल्दिबारी माविको वाली विज्ञान विषयलाई आवश्यक पर्ने भौतिक पूर्वाधार, प्रयोगशाला र छात्रावासको व्यवस्था गरिने छ ।

- हल्दिबारी वडा नं. १ मा रहेको जागृति क्याम्पसको घेराबारा गरिने छ । खेलमैदानको स्तरोन्नती, छात्रावास निर्माण लगायतका पूर्वाधार विकासका काम सहित क्याम्पसलाई बहुमुखी क्याम्पसका रुपमा परिणत गरी निःशुल्क अध्यापन गराईने छ ।

- हरेक सामुदायिक विद्यालयमा एक स्वास्थ्यकर्मीको व्यवस्था गरिने छ ।

- सामुदायिक तथा निजी विद्यालयमा संचालनमा रहेको खेलकुद प्रशिक्षकहरुको संख्या थप गरी खेलकुदमा अन्य विधामा समेत विद्यार्थीलाई सहभागी गराईने छ ।

-ओमकारेश्वर वैदिक विद्या पिठ, लगायत अन्य संस्कृत गुरुकुल, निच्छामहिम, मदरसा, गुम्बा, चर्च, सन्थालहरुको माज्हीथान, जाहेरथान एवं कोच, किराँत लगायत अन्य जातजातिका मातृभाषामा कक्षा संचालन गरिने छ ।

-पालिकाबाट माध्यमिक तहमा उत्कृष्ट अंक ल्याउने एक छात्र र १ छात्रालाई १ लाख रुपैंया पुरस्कार दिइने छ ।

-गरिब तथा जेहेन्दार उत्कृष्ट विद्यार्थीलाई पालिकाको खर्चमा पढाइने छ ।

-स्वास्थ्य स्वयंसेविकाहरुलाई वार्षिक रुपमा पोशाक, श्रम ऐन अन्तर्गत पारिश्रमिक उपलब्ध गराईने छ । यातायात सहजताका लागि विद्युतीय स्कुटरको व्यवस्था गरिने छ ।

'स्वस्थ नागरिक समृद्ध हल्दिबारी' भन्ने मुल नाराका साथ आमनागरिकको स्वास्थ्यमा सहज

❖ बाँकी अन्तिम पृष्ठमा

श्री मान सम्पादक ज्यू
प्रतिदिन दैनिक तथा अनलाइन बिर्तामोड झापा ।

मिति २०७८/११/०८मा

**विषयः- प्रकाशित झुटो समाचारको खण्डन गरेको सम्बन्धमा ।**

झापा जिल्ला बिर्तामोड नगरपालिका वडा नं.३को कि.नं.५७७ को ज.बि.०-८-० जग्गाको सम्बन्धमा बिर्तामोड झापाबाट प्रकाशित हुने तपाईको प्रतिदिन दैनिक पत्रिका तथा अनलाईनमा समेत पटक पटक (२०७८ असोज १९ गतेमा दमकका वृद्ध महिलाले हत्याए सुकुम्बासीको जग्गा तथा मिति २०७८/०६/२२ गतेमा सुकुम्बासीको जग्गा हत्याउने षडयन्त्रको प्रतिवाद गर्ने भन्ने शीर्षक) राखेर व्यवसायी लक्ष्मण बस्नेत समेतका व्यक्तीहरुको नाम जोडेर हामी जग्गाधनी महिलाहरुलाई अपमान हुने गरी एकतर्फी ढंगले भु-माफिया जस्तो तुच्छ शब्द प्रयोग गरी गरिएको दुष्प्रचार प्रसार तथा प्रकाशित गराएर फैलाईएको भ्रमहरु प्रति हामी कि.नं.५७७ का जग्गाधनी महिलाहरुको गम्भीर ध्यानाकर्षण भएको छ। अतःउल्लेखित समाचारहरु खण्डन गर्न र आलोचना गर्न लायक भएकोले यो जानकारी गराएका छौं ।

तत्सम्बन्धमा मुलभुत सत्य र तथ्य कुरा के हो भने- जिल्ला झापा साबिक अनारमनी गा.बि.स.वडा नं.७ (हाल बिर्तामोड न.पा.वडा नं.३ अन्तरगत पर्ने) कि.नं.५७७ को ज.बि.०-८-० (मोठनं.२५/३११४ को) उक्त जग्गा झापा जिल्ला बनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगको च.नं.१३९६ मिति २०४६/०३/१६को पत्रानुसार मिति २०४६/०२/२९को निर्णयानुसार जग्गाधनी अनुपकुमारी लिम्बुनीका नाउँमा कायम भई निजबाट मिति २०४७/०२/२५ गते हामी जग्गाधनीहरु सरस्वती ढकाल र धनेन्द्र देवि थापाले उक्त सबीमै कित्ता जग्गा राजीनामा पास गरी खरीद गरी लिएकोले हामी उक्त जग्गाको जग्गाधनी भएको र कुनै भु-माफिया नभएको कुरा जानकारी गराउन चाहन्छौं। सम्बन्धित कार्यालयमा गै उक्त जग्गाको अभिलेख हेरिएमा प्रष्ट हुन्छ कि अनुपकुमारी लिम्बुनीबाट खरीद गरी लिएको उल्लेखित जग्गाको श्रेस्ता हाम्रो संयुक्तनाउँमा तत्कालीन अवस्था देखि नै मालपोत कार्यालय भद्रपुरमा कायम रहेको र उक्त जग्गाको फिल्डबुक समेत नापी कार्यालयमा भद्रपुर झापामा हामी जग्गाधनीहरुको संयुक्त नाममा कायम रही आएको र उक्त कि.नं.५७७ को जग्गा २०२१ सालको सर्भे नक्सामा समेत स्पष्ट रुपमा देखिन्छ। हामी जग्गाधनीहरु दमक निवासी महिला हौं। हामीले खरीद गरेको हाम्रो श्रेस्तामा कायम रहेको उक्त जग्गाको हाल साबिक गरी चारकिल्ला कायम गर्ने सन्दर्भमा मिति २०७८/०६/१६गतेमा नापी कार्यालयमा निवेदन दिइ अमिन समेत लगि जग्गा नापजाँच गरीएको कुरा सत्य हो। उल्लेखित जग्गा सुकुम्बासीहरुको वा अरु कसैको नामको वा कसैको श्रेस्ताको नभई हाम्रो नाउँको हाम्रै श्रेस्ताको भएकोले उक्त जग्गा हामीले कहि कतै कसैलाई रकम बुझाएर हाल आफ्ना नाउँमा कायम गराएको जग्गा होइन। उक्त जग्गा हाम्रो नम्बरी जग्गा हो। अर्काले खरीद गरेर राखेको नम्बरी जग्गामा जग्गाधनी सो ठाउँमा नबसेको अवस्थामा कसैको जग्गा अन्य व्यक्तीले कब्जा जमाउने अधिकार कानुन सम्मत हुँदैन। आफ्नो नक्सा र श्रेस्ताको जग्गा आफुले भोग गर्न पाउने कानुनी अधिकार नेपाल कानुनमा सबैलाई छ। हामी कसैको कानुनी हक खोसी जग्गा कब्जा गर्न त्यहाँ गएका होइनौं। हामी जग्गाधनीको घर दमकमा भएको बुझेर स्थानीय व्यक्तीहरुको उक्साहटमा हामी महिलाहरुका नाउँको जग्गामा सुकुम्बासी हरुलाई बस्न लगाएर हाम्रो जग्गा नै कब्जा गर्ने प्रयास गरीएको प्रष्ट देखिएको छ। हामीले कुनै सुकुम्बासी लाई धम्क्याउने काम गरेका छैनौं ।

उक्त जग्गा मालपोत कार्यालय तथा नापी कार्यालय भद्रपुरको श्रेस्ता अभिलेखमा हाम्रो नाउँमा दर्ता कायम रहेको जानकारी गराउँदछौं । अतः यस किसिमले कसैको उक्साहट र भ्रममा परी हामी जग्गा धनीहरुलाई भु-माफिया जस्ता अपमानजनक तुच्छ शब्दहरु प्रयोग गरी पटक पटक पत्रिका र अनलाइन मिडीयामा दुष्प्रचार प्रसार गरी मानहानी गर्नु भएको साथै हामी जग्गाधनी विधवा महिलाहरुलाई भु-माफिया जस्ता तुच्छ शब्दहरु प्रयोग गरी अपमानित गरिएको सन्दर्भमा कानुनी उपचार खोज्न हामी बाध्य हुने व्यहोरा समेत यसै खण्डनका साथ जानकारी गराएका छौं ।

निवेदकहरु
सरस्वती ढकाल
दमक न.पा.वडा नं.८ झापा ।
धनेन्द्र देवी थापा बस्नेत
दमक न.पा.वडा नं.३ झापा
लक्ष्मण बस्नेत
भद्रपुर न.पा.वडा नं.५ झापा

**बोधार्थः**
श्री प्रेस काउन्सील नेपालः- पत्रकारको आचार संहिता विपरीत हुने गरी धमक समाचार पत्रिका तथा अनलाइनमा समेत प्रकाशित गरेकोले सोको जानकारी तथा तत्सम्बन्धमा आवश्यक कारबाही समेतको लागि सादर अनुरोध छ ।


प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY

वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा



PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मोः ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५

दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमाण्डौबाट



स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** धार्मिक कार्य सफल रहनेछन् । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला ।

**वृष** ठीक समयमा सही निर्णय लिन सकिनेछ । अध्ययन अध्यापन सफल नै रहेको छ ।

**मिथुन** आज सहयोगी र नातागोताको साथ पाईदैन । स्वास्थ्यमा खर्च बढ्नसक्छ ।

**कर्कट** सामाजिक कार्यमा सफलता मिल्नेछ । नयाँ कमको अवसर फेला पर्ने छन् ।

**सिंह** आज बोलीको प्रभाव बढ्ने छ । सरकारी जागिरेले प्रशंसा समेत पाउनेछन् ।

**कन्या** आज सफल यात्राको योग छ । श्रमको उचित मूल्याङ्कन हुनेछ ।

**तुला** मनमा देखिने अस्थिरता अधैर्यताका कारण निर्णायक क्षमतामा कमी आउनेछ ।

**वृश्चिक** अधुरा र रोकिएका काम सम्पादन हुने योग छ । साथीभाइहरूसँग भेटघाट हुनेछ ।

**धनु** आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला । मान्यजनको सहयोग प्राप्त

**मकर** आज नाम, दाम, प्रतिष्ठा र पुरस्कार प्राप्त हुनसक्छ । परोपकारका क्षेत्रमा लगानीको

**कुम्भ** आफ्नो प्रयासबाट दीर्घकालिक फाइदा पुग्नेछ । त्यसैले आफ्नो विचार र

**मिन** आज राज्यबाट मान सम्मान पाइनेछ । दाम्पत्य जीवनमा मधुरता छाउनेछ ।